प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# शैक्षिक शत्र २०८२/०८३ मा डिप्लोमा तथा प्रमाणपत्र तहको स्वास्थ्य बाहेकका कार्यक्रमहरुको पूर्ण शूल्कीय तर्फ भर्ना प्रक्रियाका लागि Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८२।०३।२२ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि परिषद्को स्तर निर्धारण तथा सम्बन्धन महाशाखा, पोलिटेक्निक महाशाखा, टेक्स महाशाखा र प्राविधिक महाशाखाहरुबाट प्राप्त सुची बमोजिम **स्वास्थ्य कार्यक्रम बाहेकका** कार्यक्रमहरु संचालन सम्बन्धन/स्वीकृति पाई परिषद्का आंगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) र निजी स्तरमा संचालित शिक्षालयहरुले परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" बमोजिम पूर्ण शुल्कीय तर्फका देहायका स्वीकृत कार्यक्रम र कोटाहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुले मिति २०८२ साउन ११ गते भित्र परीक्षा नियन्त्रण कार्यालयको ITMS online मा रितपूर्वक Online आवेदन फाराम भर्नु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

एस.ई.ई/एस.एल.सी/प्रि-डिप्लोमा/प्राविधिक एस.एल.सी तह उत्तीर्ण भएका बिद्यार्थीहरुले पेश गरेका शैक्षिक योग्यतामा प्राप्त गरेको अंक र उत्तीर्ण गरेको बिद्यालयको किसिमको आधारमा प्राप्त हुने अंकको योगफल अनुसार भर्ना सम्वन्धी निर्देशिकाको दफा ६ बमोजिम कार्यक्रम र कोटाहरुमा योग्यताक्रमानुसार छनौट, योग्यताक्रम निर्धारण गरी भर्ना सिफारिश गरिने व्यहोरा अनुरोध छ । साथै यस सम्वन्धी विस्तृत विवरण "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" मा उल्लेख गरिएको हुंदा www.ctevtexam.org.np मा राखिएको भर्ना सम्वन्धी निर्देशिका अध्ययन गर्नु हुन समेत अनुरोध छ ।

**डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य कार्यक्रमहरुको केही दिन पछि भर्नाको लागि सूचना प्रकाशन गरिने व्यहोरा सम्वन्धित सवैमा जानकारी गराइन्छ ।**

## १. अध्ययन गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता

**(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा:**

| क्र.सं | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य बाहेकका सम्पूर्ण कार्यक्रमहरुका लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**(ख) अक्षराङ्कन पद्धति लागू भए पछिको प्रवेशिका परीक्षाको हकमा:**

| क्र.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य बाहेक सम्पुर्ण कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा १.६ जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**(ग)** प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत संचालन हुने डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरुमा प्रि-डिप्लोमा तह अथवा ९-१० प्राविधिक धार वा सो सरह उत्तीर्ण गरेकाहरुले आफूले अध्ययन गरेको कार्यक्रम अथवा सोही संकायको अन्य कार्यक्रममा समेत अध्ययन गर्न पाउनेछन ।

**नोटः माथि उल्लेख नभएका डिप्लोमा तथा प्रमाणपत्र तहका अन्य कार्यक्रमहरूको हकमा पाठ्यक्रमले निर्धारण गरे बमोजिम हुनेछ ।**

## २. पूर्ण शुल्कीय खुला कोटा:

(क) छात्रवृत्ति बाहेकका रिक्त सिट यस कोटा अन्तर्गत पर्नेछन् । यस कोटामा न्यूनतम शैक्षिक योग्यता पुगेका आवेदकहरुले आवेदन फाराम भर्न पाउनेछन् ।

(ख) लक्षित बर्ग बाहेक निर्धारण गरिएको पुर्ण शुल्कीय कोटाहरुमा परीक्षार्थी छनौट गर्दा सोही समूह बीच मात्र प्रतिष्पर्धा गराई छनौट गरिनेछ । यस कोटामा शिक्षालयले छुट्टै प्रायोजित कोटा निर्धारण गर्न पाउने छैन ।

(ग) परिषद्का आंगिक तथा साझेदारीमा संचालित शिक्षालयहरुले यो सूचना प्रकाशित भएपछि गत शैक्षिक शत्रको भन्दा फरक पारी कोटाको शीर्षक परिवर्तन गर्न पाइने छैन ।

**(घ) शैक्षिक शत्र २०८२/०८३ का लागि डिप्लोमा/प्रमाणपत्र तहको पुर्ण शुल्कीय तर्फको कुनै एक शिक्षण संस्थाको एक कार्यक्रममा मात्र Online आवेदन फाराम भर्न पाइनेछ । एक भन्दा बढी शिक्षण संस्था वा कार्यक्रममा भरेमा स्वत रद्ध हुनेछ ।**

## ३. पूर्ण शुल्कीय लक्षित बर्ग कोटा:

**(क) पूर्ण शुल्कीय लक्षित वर्ग कोटा**: अपाङ्ग, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी-जनजाती, मुस्लिम, मधेशी र जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका/द्वन्द्व पिडित/विस्थापित/बेपत्ता/शहीद परिवार/घाइते वा निजको सन्तती वर्गका लक्षित समूह मध्येबाट तपसिलमा उल्लेख भए बमोजिमको संख्यामा प्रत्येक शैक्षिक कार्यक्रममा पूर्ण शुल्कीय लक्षित वर्ग कोटा निर्धारण गरिएको छ ।

| २० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० भन्दा माथि स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा |
|---|---|---|---|
| २ जना | ३ जना | ४ जना | ५ जना |

(ख) लक्षित वर्गमा सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययन गरेका आवेदकहरु सहभागि हुन पाउनेछन् । पूर्ण शुल्कीय लक्षित वर्ग कोटामा फाराम भर्ने आवेदकहरु पूर्ण शुल्कीय खुला कोटामा स्वत: आवेदक हुनेछन् । यस्ता आवेदकहरुलाई पुर्ण शुल्कीय र लक्षित बर्ग दुवै तर्फ उत्तीर्ण सूचीमा समावेश गर्नुपर्नेछ ।

## ४. पूर्ण शुल्किय प्राविधिक एस.एल.सी. (प्रि-डिप्लोमा) कोटा:

परिषद्का प्रत्येक आंगिक, सामुदायिक, साझेदारी र निजी स्तरमा संचालित शिक्षालयको शैक्षिक कार्यक्रममा परिषद्द्वारा संचालित प्राविधिक एस. एल. सी. (प्रि-डिप्लोमा) उत्तीर्ण परीक्षार्थीहरुका लागि १० प्रतिशत कोटा निर्धारण गरिएको छ । प्रि-डिप्लोमा तह उत्तीर्ण आवेदकले डिप्लोमा तथा प्रमाणपत्र तहमा आवेदन दिन पाउने कार्यक्रमहरुको सूची भर्ना सम्बन्धी निर्देशिकाको दफा ७ (१) (ख) को (आ) मा तोकिए बमोजिम हुनेछ ।

**५. परिषद् कर्मचारी वा परिवार आरक्षण कोटा:**

परिषद्का आंगिक र साझेदारी शिक्षालयका प्रत्येक कार्यक्रममा १ सिट परिषद्का कर्मचारी तथा निजको आश्रित परिवारलाई भर्ना सम्वन्धी निर्देशिकाको दफा ७ (१) (ख) को (अ) बमोजिम कोटा निर्धारण गरिने छ ।

**६. जेहेन्दार छात्रवृत्ति**

प्रत्येक शिक्षालयमा परीक्षार्थी भर्नाका लागि आवेदन फाराम भरेका पूर्ण शुल्किय लक्षित वर्ग कोटा र पूर्ण शुल्किय कोटाहरु मध्येबाट छनौट भएका परीक्षार्थीहरु मध्ये उच्चतम अंक प्राप्त गर्ने एक जनालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ । यसरी प्रदान गरीने छात्रवृत्ति पहिलो वर्ष वा सेमेष्टरका लागि मात्र लागु हुनेछ । दोस्रो वर्ष वा सेमेष्टरका लागि अघिल्लो बर्ष वा सेमेष्टरमा उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई प्रदान गरीनेछ ।

**७. वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति**

वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको लागि सम्वन्धन स्वीकृत पाएका कार्यक्रमहरुमा १०% सिटहरु छुट्याइएको छ । यसको लागि सरकारी वा सामुदायिक तथा परिषद्का आंगिक शिक्षालयहरुबाट अध्ययन गरेका परीक्षार्थीहरुले छुट्टै Online Application Form भर्नुपर्नेछ । यस सम्वन्धी सूचना छुट्टै प्रकाशित गरिएको छ ।

**८. अनलाइन आवेदन गर्दा संलग्न गर्नुपर्ने कागजातहरु**

अनलाईन आवेदन फाराम भर्दा उम्मेद्वारले पूर्ण शुल्कीय (खुल्ला, लक्षित र प्रि-डिप्लोमा) कोटामा तल उल्लेख भए बमोजिमका कागजातहरूको सक्कलबाट स्क्यान गरी अनलाइन अपलोड गर्नु पर्नेछ । तोकिए बमोजिमका कागजातहरु अनलाइन अपलोड नगरेमा आवेदन फाराम स्वत: रद्द हुनेछ । कागजातहरु Upload गर्दा सक्कल कागजातबाट स्क्यान गरी Upload गर्नुपर्नेछ । स्क्यान गरी पेश गरेका कागजातहरूको सक्कल प्रति शिक्षालयमा भर्नाको समयमा पेश गर्नु पर्नेछ ।

क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को फोटो ।

ख) एस.एल.सी. वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा)वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको सक्कलबाट स्क्यान गरीएको प्रति ।

ग) नेपाली नागरिकता (नाबालकको हकमा जन्म दर्ता) प्रमाणपत्र सक्कलबाट स्क्यान गरिएको प्रति ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणपत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।

ङ) विदेशी नागरिकको हकमा सम्बन्धित देशको नागरिक खुल्ने कागजात वा नेपाल स्थित सम्बन्धित देशको राजदुतावासबाट जारी गरिएको कागजातको सक्कलबाट स्क्यान गरिएको प्रति ।

च) नेपालमा बसोबास गर्दै आएका शरणार्थी छात्रछात्राको हकमा नेपाल सरकार वा तोकिएका निकायहरूबाट प्रदान गरिएको शरणार्थी पत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।

घ) पूर्ण शुल्किय लक्षित वर्ग कोटामा समावेश हुने परीक्षार्थीहरुले भर्ना सम्बन्धी निर्देशिका-२०८२ को दफा ७ मा तोकिए बमोजिम आफु पर्ने लक्षित वर्ग खुल्ने कागजातहरुको सक्कलबाट स्क्यान गरिएको प्रति समेत संलग्न गर्नुपर्नेछ ।

**९. छनौट प्रकृया सम्बन्धी व्यवस्था :**

एस.ई.ई परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा हुन आउने अंक र सरकारी वा सामुदायिक विद्यालयबाट एस.ई.ई वा एस. एल.सी. उत्तीर्णलाई थप अंकभार वापत १ र संस्थागत विद्यालयबाट उत्तीर्णलाई थप अंकभार वापत ०.८५ बमोजिमको अंक जोडि उच्च अंक प्राप्त गर्ने उम्मेद्वारको योग्यताक्रम सूची निर्धारण गरिनेछ । अक्षराङ्क पद्दति लागु हुनु भन्दा अगाडिको एस.एल.सी. परीक्षाको प्राप्तांकलाई औसत ग्रेड प्वाइन्टमा रूपान्तरण गरी उम्मेद्वारको योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरिकृत अंक | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

(१) एस.एल.सी./एस.ई.ई.को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई.परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको Final Grade को आधारमा योग्यताक्रम प्रकाशित गरिनेछ ।

(२) यसो गर्दा अंक बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण भएका उम्मेद्वारलाई प्राथमिकता दिइने छ । सो गर्दा पनि बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ ।

(३) अनलाइन आवेदन फाराम भर्दा एस.ई.ई. मा अक्षराङ्कन पद्धति लागू भएपछिको हकमा गणित, विज्ञान र अंग्रेजीको Grade Point Entry गर्नु पर्नेछ साथै अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा एस.एल.सीका सबै विषयको प्राप्तांक Online Entry गर्नु पर्नेछ ।

(४) अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा GPA गणना गर्न निम्न बमोजिमको सूत्र प्रयोग गरिनेछ

$$GPA = \frac{\sum(Grade\ Point\ \times Credit\ Hour)}{Total\ credit\ hour\ of\ the\ Grade}$$

(५) प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरुमा प्रशिक्षार्थी भर्नाका लागि सिफारिस गर्न परिषद्, प्रदेश कार्यालयमा देहाय बमोजिमको उप-समिति रहनेछ ।

(क) सम्वन्धित परिषद्, प्रदेश निर्देशक - संयोजक
(ख) सम्वन्धित प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि - सदस्य
(ग) सम्बन्धित प्रदेश निर्देशकले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना - सदस्य सचिव

(अ) Online आवेदन फारामहरू रुजु गरी योग्यताक्रम सूची तयार गर्न उप-समितिले अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा सूचना प्रविधि हेर्ने कर्मचारी सहित बढीमा ७ जनाको कार्यटोली गठन गर्नेछ । आवेदकहरुको योग्यताक्रम प्रकाशन गरी भर्नाका लागि प्रदेश भित्रका शिक्षण संस्थाका सम्पुर्ण कार्यक्रमहरुको भर्ना सिफारिश तथा नतिजा प्रकाशन सम्वन्धित परिषद्, प्रदेश कार्यालयबाट हुनेछ ।

(आ) कार्यटोलीले कार्यक्रम र कोटागत रूपमा अनुसूची ९ अनुसार तोकिएको ढाँचामा तयार गरी पेश गरेको योग्यताक्रम सूची यकिन गरी कार्यक्रमहरूमा भर्नाका लागि सिफारिस सहित नतिजा प्रकाशन गर्नेछ ।

(इ) परिषद्, प्रदेश कार्यालयहरुमा योग्यताक्रम प्रकाशन तथा भर्ना सिफारिशका लागि गठन हुने कार्यटोलीको काम, कर्तव्य र अधिकार भर्ना सम्वन्धी निर्देशिकाको दफा १७ मा उल्लेख भए बमोजिम हुनेछ ।

## १०. Online आवेदन फाराम रुजु सम्वन्धमा :

(क) पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरुमा अनलाईन आवेदकहरूको न्यूनतम शैक्षिक योग्यता तथा अन्य कागजातहरु परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा अनलाइन रुजु गर्ने जिम्मेवारी सम्बन्धित शिक्षालयको हुनेछ । अनलाइन फाराम भर्न शुरु भएको मिति देखि नै सम्वन्धित शिक्षालयले आफ्नो ITMS को User Log on गरी आवेदकहरुको फाराम अनिवार्य रुपमा रुजु गर्नुपर्नेछ । रुजु गर्दा केही समस्या भएमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको IT शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ ।

(ख) अनलाइन इन्ट्री गरेका आवेदकहरुको शिक्षालयबाट रुजु गर्दा निर्देशिकाले तोके बमोजिमको योग्यता र कागजातहरु हेरी Accept र Reject गर्नुपर्नेछ । रुजु गर्दा केही समस्या भएमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको IT शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ । रुजु गरी Accept भए पश्चात Application Acceptance Card Number कायम गरिनेछ र नम्बर कायम भएका आवेदकहरुलाई मात्र योग्यताक्रम तथा नतिजा सूचीमा समावेश गरिनेछ ।

(ग) परिषद्का आंगिक शिक्षालयहरुमा नतिजा प्रकाशनका लागि उप समिति/कार्यटोली गठन गर्न पाइने छैन ।

(घ) शिक्षालयहरुबाट अनियमित तरीकाले विद्यार्थी भर्ना गरेको पाइएमा भर्ना सम्वन्धी निर्देशिका बमोजिमको कार्यवाही हुनेछ ।

## ११. शैक्षिक सत्र २०८२/०८३ मा भर्नाका लागि परिषद्का आंगिक, साझेदार, TECS तथा निजी स्तरमा कार्यक्रम संचालन सम्बन्धन/स्वीकृति पाएका शिक्षालयको विवरण :

**कोशी प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका आंगिक शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | धनकुटा | उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४०/४० |
| २. | इलाम | रत्न कुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम | कृषि (पशु विज्ञान), कृषि (बाली विज्ञान), फरेष्ट्रि, सिभिल इन्जिनियरिङ्ग | ४०/४०/४०/४८ |
| ३. | भोजपुर | सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर | कृषि (बाली विज्ञान), सिभिल इन्जिनियरिङ्ग, कृषि (पशु विज्ञान) | ४०/४८/४० |
| ४. | भोजपुर | श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, आमबोटे, भोजपुर | कृषि (बाली विज्ञान) | ४० |
| ५. | तेह्रथुम | तेह्रथुम बहुप्राविधिक शिक्षालय, तेह्रथुम | कृषि (पशु विज्ञान) | ४० |
| ६. | खोटाङ्ग | माहुरेगढी बहुप्राविधिक शिक्षालय, खोटाङ्ग | फरेष्ट्री, सिभिल इन्जिनियरिङ्ग | ४०/४८ |
| ७. | झापा | दमक बहुप्राविधिक शिक्षालय, दमक, झापा | सिभिल इन्जिनियरिङ्ग | ४८ |

**कोशी प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका साझेदार शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | मोरङ्ग | मनमोहन स्मृति पोलिटेक्निक इन्स्टिच्युट, हात्तीमुढा, मोरङ्ग | सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, मेकानिकल इन्जिनियरिङ्ग,इलेक्ट्रोनिक्स् इन्जिनियरिङ्ग, आर्किटेक्चर इन्जिनियरिङ्ग, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स् इन्जिनियरिङ्ग, इन्फरमेसन टेक्नोलोजी | ४८/४८/४८/२४/२४/२४/४८ |
| २. | मोरङ्ग | शैलजा आचार्य स्मृति पोलिटेक्निक, सिसवनी, जहदा, मोरङ्ग | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान), सिभिल इन्जिनियरिङ्ग, | ४०/४०/४८ |
| ३. | मोरङ्ग | महानगर बहु-प्राविधिक शिक्षालय, बिराटनगर | सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, आर्किटेक्चर इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग | ४८/४८/४८/४८ |
| ४. | मोरङ्ग | वि.पि कोइराला सेवा केन्द डाइनिया २ | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ५. | झापा | नरवहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, बिर्तामोड, झापा | कृषि (पशु विज्ञान), कृषि (बाली विज्ञान), होटल म्यानेजमेन्ट,फरेष्ट्रि | ४०/४०/४०/४० |
| ६. | झापा | कन्काई पोलिटेक्निक इन्स्टिच्यूट, कन्काई, झापा | सिभिल इन्जिनियरिङ्ग, इन्फरमेशन टेक्नोलोजी, जियोमेटिक्स इन्जिनियरिङ्ग | ४८/४८/४८ |
| ७. | झापा | मेचीनगर पोलिटेक्निक इन्स्टिच्यूट, झापा | आर्किटेक्चर इन्जिनियरिङ्ग, इन्फरमेशन टेक्नोलोजी, डिप्लोमा इन सिभिल इन्जिनियरिङ् | ४८/४८/४८ |
| ८. | झापा | शहिद स्मृति प्रतिष्ठान, झापा | सिभिल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग, कम्प्यूटर इन्जिनियरिङ्ग | ४८/४८/४८ |
| ९. | झापा | पुष्प धिरेन्द्र स्मृति प्रतिष्ठान, दमक झापा | सिभिल इन्जिनियरिङ्ग, कम्प्यूटर इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग | ४८/४८/४८ |

| | | | | |
|---|---|---|---|---|
| १०. | झापा | गणेशमान सिंह एकेडेमी टेक्निकल एण्ड भोकेशनल स्कूल, झापा | सिभिल इन्जिनियरिङ्ग, इन्फरमेसन टेक्नोलोजी | ४८/४८ |
| ११. | सुनसरी | नरवहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, ईटहरी, सुनसरी | सिभिल इन्जिनियरिङ्ग, होटल म्यानेजमेण्ट, कृषि (बाली विज्ञान) | ४८/४०/४० |
| १२. | सुनसरी | दिनेश चौधरी स्मृति प्रतिष्ठान, सुनसरी | कृषि (बाली विज्ञान), सिभिल इन्जिनियरिङ | ४०/४८ |

**कोशी प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका टेक्स शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | धनकुटा | श्री जालपादेवी मा.वि, पाखिबास न.पा. | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| २. | ईलाम | श्री जनता मा.वि., चुलाचुली | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ३. | झापा | श्री भद्रकाली मा.बि, गौरादह न.पा | इन्फर्मेशन टेक्नोलोजी | ४८ |
| ४. | झापा | श्री डोरामारी मा.बि, गौरादह न.पा | कृषि (बाली विज्ञान) | ४० |
| ५. | झापा | श्री महेन्द्ररत्न मा.बि, कमल गा.पा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ६. | झापा | श्री मोहन मायां मा.वि, विर्तामोड न.पा | सिभिल इन्जिनियरिङ | ४८ |
| ७. | झापा | श्री सरस्वती मा.वि.,कमल गा.पा | कृषि (बाली विज्ञान) | ४० |
| ८. | मोरङ्ग | श्री आदर्श मा.वि, बिराटनगर म न पा | सिभिल इन्जिनियरिङ्ग, कम्प्युटर इन्जिनियरिङ्ग | ४८/४८ |
| ९. | मोरङ्ग | श्री दुर्गा मा.बि, उर्लावारी न.पा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| १०. | मोरङ्ग | श्री पव्लिक मा.वि, रंगेली गा.पा, | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ११. | मोरङ्ग | श्री भगिरथ मा.वि., पथरी शनिश्चरे गा.पा. | कृषि (बाली विज्ञान) | ४० |
| १२. | मोरङ्ग | श्री साजिलाल मा.वि, सुन्दर हरैचा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| १३. | ओखलढुङ्गा | श्री रुम्जाटार मा.वि., सिद्धिचरण | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४०/४० |
| १४. | सुनसरी | श्री राष्ट्रिय मा.वि., इटहरी उप म.न.पा, हांसपोसा, | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| १५. | सुनसरी | श्री जगन्नाथ डेडराज जनता मा.वि, बराह क्षेत्र न.पा. | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४०/४० |
| १६. | सुनसरी | श्री पव्लिक हाई स्कूल, धरान १२, सुनसरी | कम्प्यूटर इन्जिनियरिङ्ग | ४८ |
| १७. | ताप्लेजुङ | श्री बालसुवोधिनि मा.वि., फुङलिङ न.पा | सिभिल इन्जिनियरिङ (स्पेशलाइज्ड इन हाइड्रोपावर इन्जिनियरिङ्ग) | ४८ |
| १८. | उदयपुर | श्री माध्यमिक विद्यालय, आमसाल, चौदण्डीगढी न.पा, | कम्प्यूटर इन्जिनियरिङ्ग/सिभिल इन्जिनियरिङ्ग | ४८/४८ |
| १९. | उदयपुर | श्री माध्यमिक विद्यालय, उदयपुरगढी गा.पा | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४०/४० |

**कोशी प्रदेशका डिप्लोमा तथा प्रमाणपत्र तहका निजी शिक्षालयहरु :**

| सि.न | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | झापा | मानसरोवर इन्ष्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजी, दमक-४ | आर्किटेक्चर इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४८/४८/४८ |
| २. | झापा | पाथीभरा सेन्टर फर एडभान्स स्टडिज, अर्जुनधारा ११ | कम्प्यूटर इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४८/४८/४८ |
| ३. | मोरङ | नेशनल एकेडेमी अफ एप्लाइड साइन्स एण्ड टेक्नोलोजी, बिराटनगर १६ | फूड एण्ड डेरी टेक्नोलोजी | ४० |
| ४. | मोरङ | गोल्डेन पार्क कलेज, बिराटनगर | सिभिल इञ्जिनियरिङ्ग, कम्प्युटर इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | ४८/४८/४८ |
| ५. | मोरङ | मदन भण्डारी स्मृती प्रतिष्ठान नेपाल, उर्लावारी | सिभिल इञ्जिनियरिङ्ग, एग्रिकल्चर (प्लान्ट साइन्स),एग्रिकल्चर (एनिमल साइन्स) | ४८/४०/४० |
| ६. | सुनसरी | सुनसरी टेक्निकल कलेज, धरान-०१ | सिभिल इञ्जिनियरिङ्ग, कम्प्युटर इञ्जिनियरिङ्ग | ४८/४८ |
| ७. | सुनसरी | सुष्मा कोइराला मेमोरियल इन्जीनियरिंग कलेज इटहरी-०९ | सिभिल इञ्जिनियरिङ्ग,कम्प्युटर इञ्जिनियरिङ्ग | ४८/४८ |
| ८. | इलाम | सनराइज इन्जिनियरिंग कलेज, इलाम ९ | सिभिल इन्जिनियरिङ्ग, फरेष्ट्री | ४८/४० |

**मधेश प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका आंगिक शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | सिरहा | लहान प्राविधिक शिक्षालय, सिराहा | मेकानिकल इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग(थप), कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४८/४८/४८/४०/४० |
| २. | धनुषा | वि.पी. मेमोरियल बहुप्राविधिक शिक्षालय, सपही, धनुषा | सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, कृषि (पशु विज्ञान), कृषि (बाली विज्ञान) | ४८/४८/४०/४० |
| ३. | महोत्तरी | निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिवास, महोत्तरी | जियोमेटिक्स इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, फरेष्ट्री, होटल म्यानेजमेण्ट, फुड एण्ड डेरी टेक्नोलोजी | ४८/४८/४०/४०/४० |
| ४. | सर्लाही | बलरा बहुप्राविधिक शिक्षालय, बलरा, सर्लाही | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ५. | रौतहट | जय किसान बहुप्राविधिक शिक्षालय, धरहरी, रौतहट | सिभिल इन्जिनियरिङ्ग, इन्फरमेशन टेक्नोलोजी, कृषि (बाली विज्ञान) | ४८/४८/४० |
| ६. | बारा | प्रशौनी बहुप्राविधिक शिक्षालय, प्रशौनी, बारा | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४८ |

**मधेश प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका साझेदारी शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यकम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | सप्तरी | हनुमाननगर पोलिटेक्निक इन्स्टिच्यूट, हनुमाननगर, सप्तरी | सिभिल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग,कम्प्युटर इन्जिनियरिङ्ग, इन्फर्मेशन टेक्नोलोजी | ४८/४८/४८/४८ |
| २. | सप्तरी | राजबिराज पोलिटेक्निक इन्स्टिच्यूट, राजबिराज, सप्तरी | सिभिल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग, | ४८/४८ |
| ३. | सिराहा | जय गोबिन्द शाह पोलिटेक्निक इन्स्टिच्यूट, गोलबजार, सिराहा | सिभिल इन्जिनियरिङ्ग, कृषि (बाली विज्ञान), जियोमेटिक्स इन्जिनियरिङ्ग, इन्फरमेसन टेक्नोलोजि | ४८/४०/४८/४८ |
| ४. | सिराहा | पंचमुखी शहिद ट्रष्ट, मिर्चैया ६, सिरहा | जियोमेटिक्स इन्जिनियरिङ्ग, डिप्लोमा इन एग्रीकल्चर (वाली विज्ञान) | ४८/४० |
| ५. | सर्लाही | कालिका वहुप्राविधिक शिक्षालय हरिपुर्वा, सर्लाहि | कृषि(पशु बिज्ञान) | ४० |
| ६. | रौतहट | मौलापुर पोलिटेक्निक इन्स्टिच्यूट, मौलापुर, रौतहट | सिभिल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग, | ४८/४८ |
| ७. | वारा | सिम्रौनगढ वहुप्राविधिक शिक्षालय वारा | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान), सिभिल इन्जिनियरिङ | ४०/४०/४८ |

**मधेश प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका टेक्स शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यकम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | बारा | श्री जनजागृती मा.वि, जितपुर सिमरा न पा १६, | कृषि (पशु विज्ञान) | ४० |
| २. | बारा | श्री जनता मा.वि, जितपुर सिमरा उप म.न.पा. | कृषि (बाली विज्ञान) | ४० |
| ३. | बारा | श्री नेपाल राष्ट्रिय मा. वि, सुवर्ण गा.पा, कवाहीकागती | कम्प्युटर इन्जिनियरिङ | ४८ |
| ४. | बारा | श्री नेपाल राष्ट्रिय मा. वि, जीतपुर सिमरा उ.म.न.पा-१५ | कृषि (पशु विज्ञान) | ४० |
| ५. | बारा | श्री सार्वजनिक मा.बि, निजगढ न.पा | कम्प्युटर इन्जिनियरिङ | ४८ |
| ६. | बारा | श्री जनता मा.वि.परवानीपुर | कृषि (बाली विज्ञान) | ४० |
| ७. | पर्सा | श्री नवगवा मा.बि, छिपहरमाई गा.पा, चर्गाहा | कम्प्युटर इन्जिनियरिङ | ४८ |
| ८. | पर्सा | श्री दीप नारायण आदर्श मा.बि, सखुवा प्रसौनी | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ९. | पर्सा | श्री राम चरित्र भागवत मा.बि, पकहमनीपुर गा.पा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| १०. | रौतहट | श्री देवी मा. वि, माधव नारायण न.पा.वडा.नं. ३ | कृषि (पशु विज्ञान) | ४० |
| ११. | रौतहट | श्री कंकालिनी मा.बि, गुजारा न.पा १० | कृषि (बाली विज्ञान) | ४० |
| १२. | रौतहट | श्री माध्यमिक विद्यालय, चन्द्रपुर न.पा.-९ | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४८ |
| १३. | रौतहट | श्री मा.बि, यमुनामाई न.पा-१ | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| १४. | सर्लाही | श्री चक्र जनता शहिद गंगा मा.वि, बरहथवा न.पा-५ | कृषि (बाली विज्ञान), जियोमेटिक्स इन्जिनियरिङ्ग | ४०/४८ |
| १५. | सर्लाही | श्री जलधर कमलदेव नमूना मा.वि, ब्रमहपुरी, वडा नं. १ | कम्प्युटर इन्जिनियरिङ्ग | ४८ |
| १६. | सर्लाही | श्री जनता मा.बि, कविलासी न.पा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| १७. | सर्लाही | श्री जनज्योति मा.वि. लालबन्दी | कम्प्युटर इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग | ४८/४८ |
| १८. | सर्लाही | श्री जनता नमूना मा.बि, सोल्टिबजार, बागमती न.पा | कृषि (बाली विज्ञान) | ४० |
| १९. | सर्लाही | श्री नवजनजागरण मा.वि, बागमती न.पा-८, गाजलीचौक | कृषि (पशु विज्ञान) | ४० |
| २०. | सर्लाही | श्री ५ महेन्द्र जनता मा.वि, बागमती न.पा-११, कर्मैया | सिभिल इन्जिनियरिङ | ४८ |
| २१. | सर्लाही | श्री मदुर कुन्ति शहिद गंगा मा.बि, ब्रम्हपुरी गा.पा | कम्प्युटर इन्जिनियरिङ्ग | ४८ |
| २२. | धनुषा | श्री सरस्वती मा वि, सबैला न पा ८, | कम्प्युटर इन्जिनियरिङ | ४८ |
| २३. | धनुषा | श्री सरस्वती मा.बि, जनकपुर उप म.न.पा, कनकपट्टी | कृषि (पशु विज्ञान) | ४० |
| २४. | धनुषा | श्री गोगल प्रसाद नमूना मा.वि, जनकपुर उ.म.न.पा.-२४, | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| २५. | धनुषा | श्री मा.बि, मिथिला बिहारी न.पा, मिथिलेश्वर | सिभिल इन्जिनियरिङ | ४८ |
| २६. | धनुषा | श्री. जनता मा.बि,, मिथिला-२ | कृषि (पशु विज्ञान) | ४० |
| २७. | महोत्तरी | श्री देउराली मा. वि, बर्दिवास न.पा-१ | जियोमेटिक्स इन्जिनियरिङ्ग, फरेष्ट्री | ४८/४० |
| २८. | महोत्तरी | श्री दुर्गा मा.बि, मनरा सिस्वा न.पा, मनरा | कम्प्युटर इन्जिनियरिङ | ४८ |
| २९. | महोत्तरी | श्री जनहित नन्दलाल मा.वि. बर्दिबास, | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ३०. | महोत्तरी | श्री जनता मा.वि. बर्दिबास न.पा, गौरीडांडा | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४०/४० |
| ३१. | महोत्तरी | श्री शोन्फी दशै मा वि, औरही न पा ३ | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ३२. | महोत्तरी | श्री जनता मा. वि, महोत्तरी गा.पा, मडै उग्रिपट्टि | कम्प्युटर इन्जिनियरिङ्ग | ४८ |
| ३३. | महोत्तरी | श्री मा.बि, सोनामा गा.पा, खकना | कृषि (बाली विज्ञान) | ४० |
| ३४. | महोत्तरी | श्री जनता मा.बि, डांडाटोल, बर्दिवास १३ | कम्प्युटर इन्जिनियरिङ्ग, कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४८/४०/४० |
| ३५. | महोत्तरी | श्री माध्यमिक विद्यालय, रामगोपालपुर न.पा. वडा नं. १ | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ३६. | सप्तरी | श्री बुद्दीलाल विद्या मुनर मा वि, शम्भुनाथ न पा ७, | कृषि (बाली विज्ञान) | ४० |
| ३७. | सप्तरी | श्री जागेश्वर गराही जनता मा.बि, बालन बिहुल, सेहरा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ३८. | सप्तरी | श्री जनता मा.बि, छिन्नमस्ता गा.पा, खुदिवारी | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ३९. | सप्तरी | श्री कान्छु नरप्रताप मा.बि, रुपनी गा.पा, मकटी | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ४०. | सप्तरी | श्री नन्द उमा मा.बि, सप्तकोशी न.पा | कृषि (पशु विज्ञान) | ४० |
| ४१. | सप्तरी | श्री पब्लिक विन्देश्वरी मा.वि., राजविराज | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४८ |
| ४२. | सप्तरी | श्री राजोवती मा.बि, शम्भुनाथ न.पा, कुसावा | सिभिल इन्जिनियरिङ्ग | ४८ |

| | | | | |
|---|---|---|---|---|
| ४३. | सप्तरी | श्री ठाकुरजी मा. वि, अग्नीसायर कृष्ण सवरण, वडा नं. १ | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ४४. | सप्तरी | श्री मा.बि, तिरहुत गा.पा, डिमान | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ४५. | सिराहा | श्री चन्द्र मा.वि, सिराहा न.पा | सिभिल इन्जिनियरिङ | ४८ |
| ४६. | सिराहा | श्री जनता मा. वि, धनगढीमाई न.पा. वडा नं. ५ | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान), कम्प्युटर इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग | ४०/४०/४८/ ४८ |
| ४७. | सिराहा | श्री जनता डोमी चौधरी मा.बि, लक्ष्मीपुर पटारी गा.पा | सिभिल इन्जिनियरिङ | ४८ |
| ४८. | सिराहा | श्री जनता मा.बि, गोलबजार न.पा, चन्द्रोदयपुर | सिभिल इन्जिनियरिङ | ४८ |
| ४९. | सिराहा | श्री पशुपति आदर्श मा.बि, लहान न.पा | सिभिल इन्जिनियरिङ | ४८ |
| ५० | सिराहा | श्री सरस्वती मा.वि, गोलबजार न.पा-३, तेतरीया, | कृषि (पशु विज्ञान) | ४० |
| ५१. | सिराहा | श्री जनता मा. वि, सखुवानन कारकट्टी गा.पा.वडा नं. १ | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ५२. | सिराहा | श्री मा.बि, सिराहा न.पा, हकपारा | कृषि (पशु विज्ञान) | ४० |

**मधेश प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका निजी शिक्षालयहरु :**

| सि.न. | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | सप्तरी | छिन्नमस्ता एजुकेशन एकेडेमी, राजविराज-०७ | सिभिल इन्जिनियरिंग | ४८ |
| २. | सप्तरी | नेशनल पिपुल इन्जिनियरिंग, कंचनरुप ८ | कम्प्युटर इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल इञ्जिनियरिङ्ग, सिभिल इञ्जिनियरिङ्ग | ४८/४८/४८ |
| ३. | सप्तरी | सफ्ट टेक कलेज, राजविराज | कम्प्युटर इञ्जिनियरिङ्ग | ४८ |
| ४. | धनुषा | मध्यमाञ्चल रिजनल इन्जिनियरीङ्ग कलेज, जनकपुर | कम्प्युटर इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | ४८/४८/४८ |
| ५. | धनुषा | निलार्जुन एजुकेशनल कन्सोर्टियम, जनकपुर | कम्प्युटर इञ्जिनियरिङ्ग | ४८ |
| ६. | धनुषा | नेपाल टेक्निकल इन्स्टिच्यूट, जनकपुर-०८ | सिभिल इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल इञ्जिनियरिङ्ग | ४८/४८ |
| ७. | धनुषा | भ्याली कलेज अफ इन्जिनियरिंग, जनकपुर ८ | सिभिल इन्जिनियरिंग | ४८ |
| ८. | पर्सा | द हिमाल इन्स्टिच्यूट अफ हेल्थ एण्ड टेक्निकल साइन्स विरगञ्ज-१५ | कम्प्युटर इञ्जिनियरिङ्ग | ४८ |
| ९. | पर्सा | बिरगञ्ज इन्स्टिच्यूट अफ टेक्नोलोजी, विरगञ्ज, पर्सा | सिभिल इञ्जिनियरिङ्ग, कम्प्युटर इञ्जिनियरिङ्ग, मेकानिकल इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | ४८/४८/४८/४८/४८ |

**बागमती प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका आंगिक शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यकम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | रामेछाप | रामेछाप बहुप्राविधिक शिक्षालय, मन्थली, रामेछाप | फुड एण्ड डेरी टेक्नोलोजी, कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४०/४०/४० |
| २. | दोलखा | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा | कृषि (बाली विज्ञान), कृषि (पशु बिज्ञान), सिभिल इन्जिनियरिङ्ग | ४०/४०/४८ |
| ३. | सिन्धुपाल्चोक | दिनेश रामजी स्मृति बहुप्राविधिक शिक्षालय, चौतारा, सिन्धुपाल्चोक | सिभिल इन्जिनियरिङ्ग, इन्फरमेशन टेक्नोलोजी | ४८/४८ |
| ४. | काभ्रे | नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रे | सिभिल इन्जिनियरिङ्ग, इन्फरमेशन टेक्नोलोजी, जियोमेटिक्स इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, होटल म्यानेजमेण्ट | ४८/४८/४८/४८/४० |
| ५. | काभ्रे | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रे | अटोमोवाइल इन्जिनियरिङ्ग | २४ |
| ६. | काठमाण्डौ | शंखरापुर बहुप्राविधिक शिक्षालय, सांखु, काठमाण्डौ | सिभिल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग (हाइड्रोपावर), अटोमोवाइल इन्जिनियरिङ्ग, आर्किटेक्चर इन्जिनियरिङ्ग | ४८/४८/४८/२४/४८ |
| ७. | काठमाण्डौ | बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ | मेकानिकल इन्जिनियरिङ्ग,सिभिल इन्जिनियरिङ्ग,इलेक्ट्रिकल इन्जिनियरिङ्ग,अटोमोवाइल इन्जिनियरिङ्ग, मेकाट्रोनिक्स इन्जिनियरिङ्ग,वायोमेडिकल इन्जिनियरिङ्ग | ४८/४८/४८/४८/२४ /४८ |
| ८. | काठमाण्डौ | गणेशमान मेमोरियल बहुप्राविधिक शिक्षालय, चन्द्रागिरी, काठमाण्डौ | कृषि (पशु विज्ञान), व्युटि एण्ड कस्मेटोलोजी, फेसन डिजाइन | ४०/४०/४० |
| ९. | ललितपुर | महालक्ष्मी बहुप्राविधिक शिक्षालय, ललितपुर | इन्फर्मेशन टेक्नोलोजी | ४८ |
| १०. | चितवन | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर, चितवन | सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, अटोमोवाइल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग | ४८/४८/२४/४८ |
| ११. | चितवन | दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय, माडि, चितवन | सिभिल इन्जिनियरिङ्ग, कृषि (पशु विज्ञान) | ४८/४० |
| १२. | चितवन | भरतपुर बहु-प्राविधिक शिक्षालय, भरतपुर, चितवन | होटल म्यानेजमेण्ट | ४० |
| १३. | मकवानपुर | थाहा बहुप्राविधिक शिक्षालय, चित्लाङ्ग, मकवानपुर | फरेष्ट्रि, सिभिल इन्जिनियरिङ्ग | ४०/४८ |
| १४. | मकवानपुर | नेपाल भारत मैत्री बहुप्राविधिक शिक्षालय, हेटौंडा, मकवानपुर | मेकानिकल इन्जिनियरिङ्ग | ४८ |
| १५. | धादिङ्ग | धादिङ्ग बहुप्राविधिक शिक्षालय, गजुरी, धादिङ्ग | कृषि (बाली विज्ञान), कृषि (पशु बिज्ञान) | ४०/४० |

| | | | | |
|---|---|---|---|---|
| १६. | धादिङ्ग | निलकण्ठ बहुप्राविधिक शिक्षालय, धादिङ | सिभिल(हाइड्रोपावर) | ४८ |
| १७. | नुवाकोट | पोष्ट बहादुर बहुप्राविधिक शिक्षालय, नुवाकोट | होटल म्यानेजमेण्ट, कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४०/४०/४० |

**बागमती प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका साझेदार शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | सिन्धुली | सिन्धुली सामुदायिक टेक्निकल इन्स्टिच्यूट, कमलामाई, सिन्धुली | सिभिल इन्जिनियरिङ्ग, कृषि (पशु विज्ञान) | ४८/४० |
| २. | भक्तपुर | नेपाल आर्मी स्कुल अफ इलेक्ट्रोनिक्स एण्ड मेकानिकल इन्जिनियरिङ्ग, खरिपाटी, भक्तपुर | मेकानिकल इन्जिनियरिङ्ग, अटोमोवाइल इन्जिनियरिङ्ग | ४८/४८ |
| ३. | दोलखा | बिगु पोलिटेक्निक इन्स्टिच्यूट, बिगु, दोलखा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ४. | काठमाण्डौ | मदन आश्रित स्मृति पोलिटेक्निक इन्स्टिच्युट, गोठाटार, काठमाण्डौ | सिभिल इन्जिनियरिङ्ग, जियोमेटिक्स इन्जिनियरिङ्ग, कृषि (पशु विज्ञान), कृषि (वाली विज्ञान)होटल म्यानेजमेण्ट | ४८/४८/४०/४०/४० |
| ५. | ललितपुर | नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, नरेफांट, ललितपुर | सिभिल इन्जिनियरिङ्ग, कृषि (बाली विज्ञान) | ४८/४० |

**बागमती प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका टेक्स शिक्षालयहरु :**

| क्र.सं | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | चितवन | श्री अमर मा.वि., भरतपुर म.न.पा २२, पटिहानी | कृषि (बाली विज्ञान), कृषि (पशु बिज्ञान) | ४०/४० |
| २. | चितवन | श्री आदिकवी भानुभक्त मा.बि, भरतपुर म.न.पा | सिभिल इन्जिनियरिङ | ४८ |
| ३. | चितवन | श्री भरतपुर मा वि, भरतपुर म न पा १० | सिभिल इन्जिनियरिङ, कृषि (पशु विज्ञान) | ४८/४० |
| ४. | चितवन | श्री नारायणी मा वि, भरतपुर म न पा १० | इन्फरमेसन टेक्नोलोजी | ४८ |
| ५. | चितवन | श्री शरदपुर मा वि, भरतपुर म न पा ८ | सिभिल इन्जिनियरिङ/जियोमेटिक्स इन्जिनियरिङ्ग | ४८/४८ |
| ६. | चितवन | श्री बछ्यौली मा. वि, रत्न नगर न. पा. वडा न. ६ | होटेल व्यवस्थापन | ४० |
| ७. | धादिङ | श्री भुवनेश्वरी मा.बि, धुनिवेशी न.पा | कृषि (बाली विज्ञान) | ४० |
| ८. | धादिङ | श्री कर्णेश्वर मा वि, निलकण्ठ न.पा. ७ | कृषि (बाली विज्ञान) | ४० |
| ९. | धादिङ | श्री देउराली मा. वि, नीलकण्ठ न. पा. वडा नं. ८ | जियोमेटिक्स इन्जिनियरिङ्ग | ४८ |
| १०. | दोलखा | श्री कालिन्चोक मा वि, भिमेश्वर न.पा. ३ | सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ्ग | ४८/४८ |
| ११. | दोलखा | श्री शारदा मा.वि, सैलुङ गा. पा. वडा नं. ८ | कृषि (बाली विज्ञान) | ४० |
| १२. | दोलखा | श्री सर्व मा.वि., भिमेश्वर न.पा | कृषि (बाली विज्ञान) | ४० |
| १३. | काठमाण्डौ | श्री बुढानिलकण्ठ मा.वि, बुढानिलकण्ठ न.पा. | कम्प्युटर इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ | ४८/४८ |
| १४. | काठमाण्डौ | श्री प्रभात मा.बि, चन्द्रागिरी न.पा ७ | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान) | ४०/४० |
| १५. | ललितपुर | श्री गम्भिर समुन्द्र सेतु मा वि, महालक्ष्मी न. पा वडा नं. २ | सिभिल इन्जिनियरिङ/जियोमेटिक्स इन्जिनियरिङ्ग | ४८/४८ |
| १६. | ललितपुर | श्री लुभु मा वि, महालक्ष्मी न.पा. ८ | सिभिल इन्जिनियरिङ | ४८ |
| १७. | ललितपुर | श्री फूलचोकी मा.वि., गोदावरी न.पा, थैव | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| १८. | ललितपुर | श्री श्रमिकशान्ती मा वि, ललितपुर म न पा ९ | सिभिल इन्जिनियरिङ | ४८ |
| १९. | भक्तपुर | श्री बागीश्वरी मा.वि., भक्तपुर न.पा, च्यामासिंह | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| २०. | मकवानपुर | श्री बंशगोपाल मा वि, हेटौडा उ म न पा ६ | जियोमेटिक्स इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग | ४८/४८ |
| २१. | मकवानपुर | श्री जनकल्याण मा वि, थाहा न.पा. ३ | कृषि (बाली विज्ञान) | ४० |
| २२. | मकवानपुर | श्री जनप्रीय मा.वि., हेटौंडा उ.म.न.पा १६, चिसापानी | कृषि (बाली विज्ञान), कृषि (पशु विज्ञान), इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ४०/४०/४८ |
| २३. | मकवानपुर | श्री ज्योती मा.बि, हेटौंडा उप म.न.पा | इन्फर्मेशन टेक्नोलोजी | ४८ |
| २४. | मकवानपुर | श्री भुटनदेवी मा. वि, हेटौडा उ. म. न. पा. वडा नं. ४ | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| २५. | मकवानपुर | श्री महेन्द्र किरण मा.बि, मनहरी गा.पा | कृषि (बाली विज्ञान) | ४० |
| २६ | नुवाकोट | श्री स्याउरी भुमे मा. वि, शिवपुरी गा. पा. वडा नं. ४ | कृषि (पशु विज्ञान) | ४० |
| २७. | नुवाकोट | श्री त्रिभुवन त्रिशुली मा वि, विदुर न.पा. १ | सिभिल इन्जिनियरिङ | ४८ |
| २८. | रामेछाप | श्री मन्थली मा.वि.मन्थली | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| २९. | रामेछाप | श्री प्रयागेश्वर मा वि, खाडांदेवी गा पा ५ | सिभिल इन्जिनियरिङ | ४८ |
| ३०. | सिन्धुली | श्री बरुणदेवी मा.वि, कमलामाई न.पा, खटार | कृषि (पशु विज्ञान) | ४० |
| ३१. | सिन्धुली | श्री ज्ञानकुञ्ज मा.बि, दुधौली न.पा | जियोमेटिक्स इन्जिनियरिङ | ४८ |
| ३२. | सिन्धुली | श्री जनज्योति मा.वि, कमलामाई न.पा, फोस्रेटार | कृषि (बाली विज्ञान) | ४० |
| ३३. | सिन्धुली | श्री कमला मा.वि, कमलामाई न.पा ४ | कृषि (बाली विज्ञान) | ४० |
| ३४. | सिन्धुली | श्री माध्यमिक विद्यालय, तिनपाटन गा पा ११ | कृषि (बाली विज्ञान), सिभिल इन्जिनियरिङ्ग | ४०/४८ |
| ३६. | सिन्धुली | श्री सुनकोशी मा.बि, फिक्कल गा.पा | कृषि (बाली विज्ञान) | ४० |
| ३७. | सिन्धुली | श्री सिद्धबाबा मा.बि, कमलामाई न.पा ६ | कम्प्यूटर इन्जिनियरिङ्ग | ४८ |
| ३८. | काभ्रे | श्री मंगल जन बिजय मा.बि, रोशी गा.पा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ३९. | काभ्रे | श्री पार्वती मा.बि, बेथानचोक गा.पा | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ४०. | सिन्धुपाल्चोक | श्री जाल्पादेवी मा वि, मेलम्ची न.पा. १२ | कृषि (बाली विज्ञान) | ४० |

**बागमती प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका निजी शिक्षालयहरु :**

| सि.न. | जिल्ला | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|
| १. | ललितपुर | एशियन इन्जिनियरिंग कलेज, ललितपुर-१७ | सिभिल इन्जिनियरिंग, आर्किटेक्चर इन्जिनियरिंग | ४८/४८ |
| २. | ललितपुर | सेन्ट्रल इन्जिनियरिंग कलेज, महालक्ष्मी-३, बालकुमारी | सिभिल इन्जिनियरिंग, इलेक्ट्रिकल इन्जिनियरिंग, आर्किटेक्चर इन्जिनियरिंग | ४८/४८/४८ |
